# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५४५ पौष २०५८ वर्ष १८ अङ्क ९

## धम्मवाणी

*सच्चं विहाय मतिसच्चक - वादकेतुं,*
*वादाभिरोपितमनं अतिअन्धभूतं ।*
*पञ्ञापदीपजलितो जितवा मुनिन्दो,*
*तं तेजसा भवतु ते जयमङ्गलानि ॥*
**जयमङ्गलगाथा - ६**

**सत्य-विमुख, असत्यवादलाई टेवा दिने अभिमानी, वादविवाद गर्नमा प्रसिद्ध र अहंकारले अत्यन्त अन्धो भएका सच्चक नामको परिब्राजकलाई मुणीन्द्र भगवान बुद्धले प्रज्ञाको-दीप बालेर जीत्नु भयो, उहाँको तेजीलो प्रतापको कारण तिम्रो जय होस् । तिम्रो मंगल होस् ।**

### चारवर्ण ब्यवस्थामा शुद्धि

लोक कल्याणको लागि शील, समाधि र प्रज्ञा द्वारा विकृत हुँदै गएको धर्मको पुर्नस्थापना गर्नु अति आवश्यक थियो । धर्म विकृत हुनुको एउटा मूख्य कारण जन्मको आधारमा समाजलाई चारवर्णमा विभाजित गर्नु थियो । जसबाट समाजमा धर्म कम हुँदै गएर जाति र वर्ण ब्यवस्थालाई अधिक महत्व दिन थालेको थियो । त्यसैले चार वर्ण ब्यवस्थालाई शुद्ध गर्नु अति आवश्यक थियो ता कि ब्यक्ति ब्यक्तिको र समाज-समाजको कल्याण गर्न सकियोस् । यस मान्यताको कारण अनेक ब्यक्तिहरूले अज्ञानता पूर्ण मोह-मूढताको कारण आफ्नो हानि गरिरहेथ्यो । जाति, धन र गोत्रको अभिमानले भरिपूर्ण ब्यक्ति मनुष्य जातिका अन्य ब्यक्तिहरूलाई अपमान गर्दथ्यो जसको कारण ऊ स्वयं अघो: पतनका कारण बनिरहेको थियो ।

हुनत यस्तो मोह-मूढता आज पनि समाजमा पाइन्छ तर गौतम बुद्धको समयको समाजमा यो मान्यता अधिक प्रबल थियो । त्यस समय समाजको अधिक ब्यक्तिहरूमा जाति, गोत्र र धनको अभिमान थियो । यस्ता ब्यक्तिहरू आफ्नो अहंकार पूर्ण अज्ञानको कार ण सद्धर्मलाई बुझ्दै बुझ्दैन, आफूले धारण गर्नु त टाढैको कुरा भयो । यस्ता ब्यक्तिहरू आफू त सद्धर्मबाट टाढा रहन्छन्, उनीहरूले समाज र राष्ट्रलाई पनि ठूलो नोक्सान गर्छन् । समाजको एक वर्गलाई अत्यन्त तलको मानेर तिनीहरूको घोर अपमान गर्दथ्यो, तिनीहरू माथि शोषण गर्दथ्यो । ता कि ती वर्ग पीढ़ी-दर-पीढी जहिले पनि तल्लो जाति नै बनीरहून् र अन्य ब्यक्तिहरूको सेवा गर्नु नै आफ्नो धर्म थानिरहुन् । यस्तो दुर्गन्धित दूषित वर्ण-ब्यवस्थालाई समाजबाट हटाउन बुद्ध प्रयत्न गर्नु भयो ।

भगवान तथागतको करुणा समाजका चारै वर्णका ब्यक्तिहरूमा समान रूपले थियो । ब्राह्मण र क्षेत्रिय आफूहरूलाई उच्च वर्ण थानेर जातिय अभिमानबाट भरिपूर्ण थियो । शताब्दियौं देखि दुबै वर्णमा एक अर्को भन्दा उच्च कोटी सावित गर्ने द्वन्ध चलिरहेको थियो । वैश्य धन कमाउनमा नै ब्यस्त थियो । शूद्र शताब्दियौं देखि चल्दै आएको यस दूषित ब्यवस्थाको कारण अत्यन्त हीनभावले ग्रस्ट थिए । उनीहरू आफ्नो भलाई उद्धारको बारेमा सोच्न पनि पाउँदैनथे । उनीहरूले चिताएको पनि थिएन कि यसै जीवनमा ब्राह्मण बन्न सक्छन् भनेर । तथागतले चार वर्णको यस परम्परालाई शुद्ध गर्ने एउटा ठूलो कदम उठाउनु भयो । जन्मको कारण उच्च या नीचको भेदभाव नहुने एउटा समाजको गठन गरेर देखाउनु भयो । यस्तो धर्म पूर्ण समाजमा कर्मद्वारा कोही उच्च हुन्थ्यो कर्म द्वारा नै कोही नीच हुन्थ्यो । जो कर्मको कारण आज तल्लो भए पनि कर्मलाई सुधार गरेर यसै जीवनमा उच्च अथवा समाजमा पूज्य ब्यक्ति बन्न सक्छ । पुरातन प्राचीन युगमा प्रचलित यस शुद्ध सर्वहितकारी सद्धर्मलाई पूर्नजिवित गर्नु थियो सारा समाजलाई पुन:उद्धार गर्नु थियो । उहाँको अपरिमित करुणा पूर्ण चित्तले जीवनभर यही गर्नु भयो ।

त्यस समयका कोही कोही ब्राह्मण त्यस पुरातन वर्ण परम्परालाई राम्ररी बुझ्दथे । र समाजमा प्रचलित विकृत परम्परालाई हटाउने प्रयत्न गर्दथे । ऋषि असित देवल त्यस समयका अत्यन्त प्रसिद्ध र पूज्य ब्राह्मण थिए । भगवान बुद्धको पिता शुद्धोदनको पुरोहित पनि थिए । उनी समस्त ब्राह्मण शास्त्रमा पारंगत हुनुका साथै आठौं ध्यानमा पनि पोष्ट थिए । अनेक अभिज्ञान (सिद्धिहरू) प्राप्त ऋषि पनि थिए । एक पटक सात जना ब्राह्मण ऋषिहरूको यसै मिथ्या मान्यतालाई हटाउने उनले प्रयत्न गरेका थिए ।

आफ्नो लामो कपाल र दाढी - जुँगा काटेर गेरू वस्त्र ओडि श्रमण जस्तो भेष धारण गरे । खुट्टामा खडाऊँ लगाएर, हातमा सुन र चाँदीको लौरो बोकेर सात ब्राह्मणहरू तपस्या गरिरहेको ठाउँमा गए । ती ऋषिहरूको आश्रम बाहिर खाडाऊँको आवाज निस्किने गरि हिंडिरहे र ठूलठूलो स्वरमा कराए कि "यी ब्राह्मण ऋषिहरू कहाँ गए ?"

सातै ब्राह्मण ऋषिहरू आ-आफ्नो कुटियाबाट बाहिर निस्के र उनको अभद्र ब्यवहारदेखि चूर भएर श्राप दिन थाले कि, "हे ! चाण्डल तँ भष्म होस्, तँ भष्म होस् ।"

तर जब जब असित देवललाई श्राप दिए उनी झन् झन् सुदर्शनीय हुन्थ्यो, सुन्दर हुन्थ्यो । यस्तो देखेर ऋषिहरू आश्चर्य भए । उनीहरूले सोचे कि उनीहरूको तपस्या क्षीण भयो, निष्फल भयो । पहिला भए उनीहरूले दिएको श्राप तुरून्त लाग्दथ्यो तर अब उल्टो हुँदैछ । उनीहरूलाई दु:खी देखेर ऋषि असित देवलले भने "तिमीहरूको तप क्षीण भएको होइन, तिमीहरूको मनमा रहेको द्वेष



Downloaded from http://www.dhamma.digital